नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

## COVID-19 सम्बन्धमा भारतमा रहनुहुने नेपाली नागरिकहरूमा दूतावासको अनुरोध

Covid-19 विश्वभर महामारीको रुपमा फैलिरहेको कुरा सबै नेपालीहरूलाई विदितै छ। गत मंगलवार राति १२ बजे देखि पूरै भारतमा कोरोना भाइरसको संक्रमण रोक्नको लागि २१ दिनको lockdown लागू गरिएको छ । Covid-19 लाई फैलन बाट रोक्ने एक अचुक अस्त्र भएकोले यस्तो समयमा प्रत्येक व्यक्तिलाई जो जहाँ छ त्यहीं घर भित्रै रहन र बाहिर सडकमा ननिस्कन कडा निर्देशन गरिएको छ ।

आर्कोतर्फ नेपाल सरकारले समेत मंगलवारदेखि एक हफ्ताको लागि नेपालभर lockdown लगाएको छ । अत्यावश्यक सेवा वाहेकका सबै सेवाहरू बन्द गरिएको छ । सीमा नाकाहरू समेत बन्द गरिएको छ ।

यस पृष्ठभूमीमा भारतमा रहेका सबै नेपालीहरूमा देहायको व्यहोरा अनुरोध गरिन्छ ।

१. भारत सरकार र नेपाल सरकारले पूरै देशभर लगाएको लकडाउनको समयमा आवतजावत गर्न वा नेपाल जान सकिंदैन । आफू र आफ्नो परिवारको रक्षाको लागि जो जहाँ हुनुहुन्छ त्यहीं धैर्यताका साथ घर भित्रै बसिदिनुहुन नेपाली राजदूतावास हार्दिक अपिल गर्दछ ।

२. सम्बन्धित निकायहरूले Covid-19 का सम्बन्धमा समय समयमा जारी गरेका सूचनाहरू जानकारीमा लिई पालना गर्नुहुन अनुरोध गरिन्छ ।

३. भारत सरकारले दूध, फलफूल, तरकारी, खाद्य पदार्थ र औषधि लगायतका अत्यावश्यक वस्तुहरू बेच्ने पसल खुला राख्ने प्रवन्ध गरेको छ ।साथै, सरकारी तथा विभिन्न संघसंस्थाहरूले समस्यामा परेका व्यक्तिहरूलाई विभिन्न स्थानमा खाने व्यवस्था तथा अन्य आवश्यक प्रवन्ध समेत गरेको व्यहोरा अनुरोध छ ।

४. जुन ठाउँमा रहनु भएको छ त्यहाँको स्थानीय नेपाली समुदायसँग सम्पर्कमा रहनुहोला ।

५. Covid-19 का सम्बन्धमा कुनै समस्या परेमा भारतका राज्यहरूमा हेल्पलाइनको व्यवस्था गरिएको छ । सो समेत जानकारीमा राख्नुहुन अनुरोध गरिन्छ ।

६. औषधि उपचार सम्बन्धमा कुनै समस्या आएमा दूतावासको हटलाइन नं. ८९२९६०१९२५ मा सम्पर्क गर्नुहोला ।

७. भारत सरकारले कोठा भाडामा बसेका तथा होटलमा रोजगारी गर्ने वा बास बसिरहेका कसैलाई पनि यस विषम परिस्थितिमा ननिकाल्न सम्बन्धित सबैलाई आदेश जारी गरेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

नेपाली राजदूतावास
नयाँ दिल्ली ।
२०७६ चैत्र १५ गते

नेपाली राजदूतावास
नयाँदिल्ली